मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince, Nepal

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना
### (प्रथम पटक प्रकाशित मिति २०७७/०४/२२)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय(प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं २०७७/७८ च.नं. PMEP /२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस मण्डनदेउपुर नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२–२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभव

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

ख) अनुभव र सिप : प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछ :-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सिप भएको
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हाँसिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थान : मण्डनदेउपुर नगरकार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मिति: २०७७/०५/०४

४. आवेदनको दस्तुर : रु ४००।

५. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय वमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो
- माथिल्लो योग्यता भए सो को प्रमाणपत्र

७. सेवा सुविधाः गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

2077/4/22

प्रमुख प्रशासकीय अधिकृत